# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, भदौ १० गते २०५९ साल (संख्या २०

## भाग ३

श्री ५ को सरकार
**अर्थ मन्त्रालयको**

### सूचना १

श्री ५ को सरकारले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव र २०५९ अङ्कित देहाय बमोजिमको डिजाइन, नाप र तौल भएका सिक्काहरू टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छ।

अग्र भागः वरिपरी ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य शङ्ख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५९ रही स्वस्तिक चिन्हभित्र श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ।

पृष्ठ भागः वरिपरी ६४ थोप्लाभित्र सबभन्दा माथि नेपालीमा भवानी, त्यसको तल अर्धगोलाकार रूपमा स्वर्ण महोत्सव रही बीचमा नेपाल चेम्बरको लोगो रहनेछ; नेपाल चेम्बरको लोगोको तल नेपालीमा रू. २०० र त्यसको तल अर्धगोलाकार रूपमा नेपालीमा २००९ नेपाल २०५९ उल्लेख रहनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**विवरण**

| | |
|---|---|
| दर | रु. २००।– |
| तौल | १८ ग्राम ± ३०० मि. ग्राम |
| व्यास | २९ मि.मि. |
| धातु | मिश्रित चाँदी (५०% चाँदी र ५०% अन्य धातु) |
| सिरेशन | धर्सो नभएको |
| रङ्ग | सेतो |
| अधिकतम निष्काशन थान | १०,००० |

## सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी कृष्णप्रसाद कोईराला सेवा गुठी मोरङ्ग र प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्द्वारा संयुक्त रूपमा जहदा सिसवनी गा.वि.स., मोरङ्गमा सञ्चालित अ.न.मो. तालीम केन्द्रले भारतबाट खरिद गर्ने एक थान मिनीबसमा लाग्ने भन्सार महसुल १ प्रतिशत लिई बाँकी भन्सार महसुल तथा लाग्ने मूल्य अभिवृद्धि करको १० प्रतिशत लिई बाँकी मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

खण्ड ५२, संख्या १४, मिति २०५९।३।३१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना नं. १० खारेज गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

श्री ५ को सरकार

## सूचना तथा सञ्चार मन्त्रालयको सूचना

श्री ५ को सरकारले छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा २० बमोजिमको प्रेस प्रतिनिधि प्रमाणपत्र दिनको लागि स्वीकृति दिने अधिकार सूचना विभागका महा-निर्देशकलाई सुम्पिएको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
मुकुन्दशर्मा पौड्याल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।